# "Before and After"™ Worksheet

**"पहिले-र-अहिले"™ अभ्यास कापी**

**लक्ष :** अनुसन्धानरत विषयको समस्या पहिचान गर्ने र आफ्नो अध्ययनलाई वृहत् समस्या निर्दिष्ट छलफलको भाग जसरी हेर्ने ।

**पुनरावलोकन :** पृ. १३३-१३८, *अनुसन्धानको आरम्भ*

**तरिका:** एक्लै, साथिसँग वा समुहमा

| | पहिलो प्रयास | दोस्रो प्रयास | तेस्रो प्रयास |
|---|---|---|---|
| **"अध्याय"को शिर्षक (आफ्नो अध्ययनको)** | | | |
| **यसअघिको अध्याय** | | | |
| **यसपछिको अध्याय** | | | |
| **किताबको शिर्षक** | | | |
| **उत्साहको स्तर** (उच्च/मध्यम/निम्न) | | | |
| **तिम्रो विचारमा, यस्तो जवाफको कारण के हुनसक्छ ?*** | | | |

** आवश्यक परे पछाडिको पानामा वा कुनै कापीमा लेख्नुहोला ।*

# Cereal Box Challenge™
## सिरियल-बक्स च्यालेन्ज™

**लक्ष :** कुनै एक प्राथमिक स्रोतको प्रयोग गरी अहिलेसम्म छुटेका प्राज्ञिक समस्याहरू पहिल्याउने र नयाँ अनुसन्धानका योजनाहरू बनाउने ।

**पुनरावलोकन :** *पृ. ६७-७७, अनुसन्धानको आरम्भ*

**तरिका:** एक्लै, साथिसँग वा समुहमा

**शुरुवातको लागि आवश्यक :** कुनै एक प्राथमिक स्रोत

**प्राथमिक स्रोतको नाम, विवरण वा सन्दर्भ**

| स्रोतबारे मैले याद गरेका कुरा | मेरा प्रश्न वा चासोहरू | यस लगत्तै मैले हेर्न चाहेको अर्को प्राथमिक स्रोत | मेरो समस्यासँग सम्बन्धित प्रश्नका प्रकार/विधाहरू |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## **Change One Variable™**
### **एउटा कारक बदलौं ™**

**लक्ष :** आफुले समाधान गर्न खोजेको अनुसन्धातको अन्तर्निहित समस्या पत्ता लगाउने

**पुनरावलोकन :** पृ. १२५-१३३, *अनुसन्धानको आरम्भ*

**तरिका:** एक्लै वा साथिसँग

**शुरुवातको लागि आवश्यक :** कुनै एक प्रश्नको खेस्रा

1. **तपाईँले अनुसन्धान गर्न खोजेको प्रश्न हाल कुन रुपमा छ लेख्नुहोस् । ***

   * तपाईँको योजनाको अध्ययनमा सम्बन्धित सबै कारकहरू (अनुसन्धानको समय, स्थान, कर्ता, वस्तु, सम्भावित उत्तर, आदि जस्ता अवयवहरू) समावेश गर्न नबिर्सनुहोला । *अनुसन्धानको आरम्भ* को पृ. १२५-१२६ हेर्नुहोस्।

2. **माथिको लेख्नुभएको प्रश्नका मूख्य कारकहरू छुट्याउनुहोस् ।**

   समय :
   स्थान :
   कर्ता :
   वस्तु :
   अरू कारक नं १ :
   अरू कारक नं २ :

3. **कुनै एक कारक छानेर *बदल्नुहोस* ।**

   उदाहरणको लागि अरू सबै कारक उस्तै राखेर आफ्नो प्रश्नको 'समय'लाई मात्र बदल्नुहोस् । अथवा मात्र अध्ययनको 'स्थान' परिवर्तन गरेर हेर्नुहोस् । महत्वपूर्ण के हो भने एक पटकमा कुनै एउटा कारक मात्र हेरफेर गर्नहोला ।

   एउटा कारकको परिवर्तन पछि *आफ्नो परिमार्जित प्रश्नलाई ठुलो स्वरमा पढ्नुहोस्* ।

   के पहिलेको अनुसन्धान प्रश्नभन्दा परिमार्जित प्रश्न तपाईँलाई बढि मन पऱ्यो ? अथवा केहि फरक लागेन ? जे लाग्यो त्यो लेख्नुहोस् ।

   अब सबैभन्दा महत्वपूर्ण पक्ष : *किन?* यदि तपाईँलाई परिमार्जित प्रश्न ठिक लागेन भने, *किन होला* ? वा पुरानै प्रश्न जस्तै वा त्यो भन्दा मनपऱ्यो भने पनि *किन होला* ? लेख्नुहोस् ।

4. **तलको फारम प्रयोग गरेर यो अभ्यास कमसेकम पाँच पटक दोहोऱ्याउनुहोस् । ***

   * नोट : फेरिफेरि अभ्यास गर्दा पहिलेको भन्दा फरक कारक बदल्नुहोला । (उदाहरणको लागि, अरु तीन पटक पनि अनुसन्धानको 'स्थान' नै परिवर्तन नगर्नुहोला । )

**5.** **माथिको अभ्यासबाट प्राप्त अनुभवको आधारमा वा नयाँ कारक समावेश गर्दै आफ्नो अनुसन्धानको प्रश्नको पुनर्लेखन गर्नुहोस् ।**

| पुरानो कारक | बदलिएको कारक | परिणाम | | | किन? |
|---|---|---|---|---|---|
| | | *नराम्रो* | *उस्तै* | *राम्रो* | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |
| | | ❏ | ❏ | ❏ | |

**अनलाइन उपलब्ध केहि अनुसन्धानका स्रोतहरुको संग्रह (लेखकद्वय मलेनि र रेयद्वारा अपडेट भइरहने)**

तपाईँलाई थप अनलाइन स्रोत र अभिलेखहरुको जानकारी भएमा कृपया admin@whereresearchbegins.com मा पठाउनुहोला

**पुनरावलोकन :** पृ. २७-३३, *अनुसन्धानको आरम्भ*

Archives Africa: https://archives-africa.org/
Archives West: https://archiveswest.orbiscascade.org/
Arizona Archives Online : http://azarchivesonline.org/xtf/search
Biodiversity Heritage Library: https://www.biodiversitylibrary.org/
Buddhist Digital Archives: https://library.bdrc.io/?uilang=en
Chicago Collections: https://chicagocollections.org/
Collaborative European Digital Archive Infrastructure (CENDARI): http://www.cendari.eu/
Digital Public Library of America : https://dp.la/
East Texas Digital Archives : https://digital.sfasu.edu/digital/collection/RSP
Family Search: https://www.familysearch.org/en/
Foreign Relations of the United States: https://history.state.gov/historicaldocuments
Gilder Lehrman Institute: https://www.gilderlehrman.org
HathiTrust : https://www.hathitrust.org/
Indian Princely States Online Legal History Archive: https://site.ipsolha.org
Internet Archive: https://archive.org/
Latin American & Caribbean Resources at Yale University (Digital Archives): https://guides.library.yale.edu/c.php?g=296199&p=1976695
Library and Archives Canada: https://library-archives.canada.ca/eng
Library of Congress: https://www.loc.gov/collections/
Maureen and Mike Mansfield Library: https://www.lib.umt.edu/research-find/digital-collections/default.php
National Archives (U.S.): https://www.archives.gov/research
New Mexico Archives Online: https://rmoa.unm.edu
North Carolina Digital Collections: https://digital.ncdcr.gov/
NYPL Digital Collections: https://digitalcollections.nypl.org/
Online Archive of California: https://oac.cdlib.org/
Portal to Texas History: https://texashistory.unt.edu/
Smithsonian Online Virtual Archives: https://sova.si.edu
South Asia Open Archives (SAOA): https://www.jstor.org/site/south-asia-open-archives/
TARO (Texas Archival Resources Online): https://txarchives.org/home
Trove: https://trove.nla.gov.au/
WorldCat: https://worldcat.org/

## "Go Small or Go Home"™ Worksheet
### "गो स्मल ओर गो होम"™ अभ्यास कापी

**लक्ष :** आफ्नो अनुसन्धानको स्रोत वा विषयबारे केहि निश्चित तथ्यपरक प्रश्नहरु बनाउनुहोस्। यसो गर्दा तपाईँ आफ्ना विचारहरुको स्वरुप बुझ्न र अन्तरनिहित समस्या पत्ता लगाउन समर्थ हुनुहुन्छ।

**पुनरावलोकन :** पृ. ३६-४०, *अनुसन्धानको आरम्भ*

**तरिका :** एक्लै, साथिसँग वा समुहमा

आफ्नो अनुसन्धानको स्रोत वा विषयबारे मैले जान्न चाहेका २० वा बढि तथ्यहरु, प्रश्नको रुपमा।

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

११.

१२.

१३.

१४.

१५.

१६.

१७.

१८.

१९.

२०.

** आवश्यक परे पछाडिको पानामा वा कुनै कापीमा लेख्नुहोला ।*

# अरुलाई सहयोग

**लक्ष :** अरु अनुसन्धानकर्ताको सहयोग र सबलीकरण
**पुनरावलोकन:** पृ. १९६-१९९, *अनुसन्धानको आरम्भ*

अरुलाई पनि योग्य अनुसन्धाता बनाउन तयार हुनुहुन्छ?*अनुसन्धानको आरम्भ*का दर्शन, तौरतरिका, यसमा प्रस्तुत सीप र अभ्यासहरु तपाईँलाई आफ्नो काममा उपयोगी लागे, आफ्नो ज्ञान बाँडेर तपाईँ अरु अनुसन्धानकर्तालाई पनि सहयोग गर्नसक्नुहुन्छ। आफैलाई अनुसन्धानकर्ताको रुपमा सुद्धृढ बनाउँदैगर्दा तपाईँले अरू अनुसन्धानकर्तालाई साथी वा आफ्नो कुरा सुन्ने मान्छे (साउन्डिङ-बोर्ड) मानेर तिनका आफ्नै अध्ययन पनि बुझ्न-बुझाउन मद्दत गर्नसक्नुहुन्छ। हाम्रो अनुभवमा "गरेर हेर्ने" ("Try This Now") अभ्यासहरु अरुलाई सिकाउँदा नै तपाईँ यिनको अधिकतम फाइदा उठाउन सक्नुहुनेच। त्यसैले एकचोटि गरेरै हेरौँ ! एउटा साथी खोज्नुहोस् र समुह बनाउनुहोस्। स्वकेन्द्रिक अनुसन्धानको लक्ष भनेकै आफ्नो जीवनमा र समग्र समाजका निम्ति केहि फरक पार्नु हो।

अरु अनुसन्धानकर्तालाई मद्दत गर्ने केहि तरिकाहरू तल छन्।

तपाईँलाई मनपर्ने केहि सहयोगी सल्लाह छन् भने हामीलाई admin@whereresearchbegins.com मा लेख्नुहोला।

- उनीहरु के विषयमा काम गर्दैछन् सोध्नुहोस्।
- उनीहरुका उत्तरहरू सुन्नुहोस्।
- स्पष्टीकरण चाहिये अरु प्रश्न गर्नुहोस।।
- केहि कुराको मद्दत चहिन्छ कि भनेर सोध्नुहोस्।
- अध्ययनका अत्यावश्यक र सबैभन्दा जरूरी भाग के हुन् सोध्नुहोस्।
- सम्बन्धित क्षेत्र वा विषयको विज्ञता नभएकालाई आफ्नो अध्ययनले के समस्याको समाधान खोजेको हो भनेर कसरी बुझाउँछौ भनेर सोध्नुहोस्।
- अनुसन्धानमा के-कस्ता सैद्धान्तिक, विधिगत वा व्यवहारिक चुनौतिहरू देखिएको छ सोध्नुहोस्।
- अनुसन्धान सबैभन्दा बढी चाहना राखेको स्रोत (वा स्रोतको प्रकार) के हो वा भए हुन्थ्यो जस्तो लाग्छ भनेर सोध्नुहोस्।
- सहायक वा सन्दर्भ सामाग्रीको संग्रहको आदान-प्रदान गर्नुहोस्।
- उनीहरूको विधा वा प्राज्ञिक वृत्त भित्र वा बाहिरका उपयोगी जानकारी वा सल्लाह दिनसक्ने वा तटस्थ भएर कुरा सुनिदिने व्यक्तिहरूसित परिचय गराइदिनुस्
- आफ्नो अनुसन्धान कार्य कुनै सिनेमा भएको अवस्थामा के नाम दिन्छौ भनेर सोध्नुहोस्।
- समय र स्रोतको बाबन्दि नभए भविष्यमा के अध्ययन गर्ने मन छ भनेर सोध्नुहोस्।
- उनीहरूलाई 'पहिले-र-अहिले' वा 'एउटा कारक बदलौँ' जस्ता 'गरेर हेर्ने' खालका अभ्यासहरू सिकाउनुहोस्।
- उनीहरूको लेख, रिपोर्ट, थेसिस वा शोधपत्र र यिनका मस्यौदा पढ्नुहोस् र आफ्नो टिप्पणी दिनुस्।
- उनीहरूले आफ्नो लेख वा शोधपत्र सम्मेलनहरूमा प्रस्तुत गर्दा आफुले प्रतिक्रिया दिने भुमिका खेलिदिनुस्।
- आ-आफ्नो लेखन अगाडि बढाउन नियमित रुपमा भेट्ने लेखन समुह बनाउनुहोस् वा साथी खोज्नुहोस् (गफ गर्न, विमर्श गर्न हैन)।
- प्राथमिक स्रोतहरू वा सन्दर्भ सामाग्रीहरू सँगै पढ्न (लेख्न वा गफ गर्न हैन) नियमित रुपमा भेट्ने पठन समुह बनाउनुहोस्।
- आ-आफ्ना स्रोतहरूबारे नोट लिन नियमित रुपमा भेट्ने समुह बनाउनुहोस्।
- अतिरिक्त पठन समुह बनाउनुहोस्।
- सहभागीहरूले हालसम्मको लेखाइको केहि अंश प्रस्तुत गर्ने र प्रत्यक्ष मौखिक वा लिखित प्रतिक्रिया पाउने अनुसन्धान कार्यशाला आयोजना गर्नुहोस्।
- स्पष्ट, खुलस्त र रचनात्मक आलोचना दिन नहिचकिचाउनुहोस्।

- आफू दिन योग्य रहेको र सहज लाग्ने सहयोग मात्र दिनुहोस्।
- आफ्ना विचार र अनुभव बाँडेकोमा धन्यवाद दिनुहोस्।